म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

## SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २७५ २०८० भदौ १४ गते बिहीबार 31 August 2023, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# मुख्यमन्त्री र मन्त्रीबीच कार्यसम्पादन सम्झौता

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्रीले मन्त्रीहरुसाग कार्यसम्पादन सम्झौता गर्नुभएको छ। बुधबार मुख्यमन्त्री कार्यालयमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चालु आर्थिक वर्षको कार्यसम्पादन सम्झौता गर्नुभएको हो ।

कार्यसम्पादन सम्झौतापछि मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भीमफेदी-भैँसे-हुमाने-कुलेखानी सडक पुससम्ममा कालोपत्रे गरिसक्ने दावी गर्नुभयो । प्रदेश सरकारको ऐन संशोधन गर्नुपर्ने भएकाले केही ऐन प्रदेश सभामा लगी संशोधन गर्ने मुख्यमन्त्री जम्कट्टेलले बताउनुभयो। करार सम्झौतामा मन्त्रालयगत नीति, कार्यक्रम र बजेटमा आएका कार्ययोजना समयमै सक्नुपर्ने भनिएको छ । कार्यसम्पादनका लागि प्रचलित कानून, स्वीकृत वार्षिक बजेट, संरचना र जनशक्ति रहने व्यावस्था रहेको छ । बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि असोज मसान्तसम्म तयार गर्नुपर्नेछ। खरिद प्रक्रिया र टेण्डर सम्बन्धी कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयबाट भएको अख्तियारी तथा मार्गदर्शन बमोजिम गर्नु पर्नेछ ।

कार्यसम्पादनका लागि आवश्यक सहजीकरण र अन्तरनिकाय समन्वयका लागि जिम्मेवारी दिने पदाधिकारीले सहजीकरण गर्नुपर्नेछ। मुख्यमन्त्री जम्कट्टेल र आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह लामा, आन्तरिक मामिला तथा कानूनमन्त्री गंगानारायण श्रेष्ठ, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जन, स्वास्थ्यमन्त्री उत्तम जोशी र वन तथा वातावरणमन्त्री मसिना खड्काबीच कार्यसम्पादन सम्झौता भएको हो । यस्तै, खानेपानी, ऊर्जा तथा सिचाइ मन्त्री तीर्थबहादुर लामा, कृषि तथा पशुपन्छी विकासमन्त्री डा. राजेन्द्रमान श्रेष्ठ र श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालसाग सम्झौता हुन बााकी रहेको छ ।

# अवैध कपडा बरामद

समाज संवाददाता

हेटौंडाः भन्सार छलेर ल्याएको अवैध कपडा मकवानपुर प्रहरीले बरामद गरेको छ । सोमबार हेटौंडा-१५ स्थित रातोमाटेबाट १ लाख ६३ हजार रुपैयाँ बराबरको अवैध कपडा बरामद गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

मंगलबार प्रहरीले वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०१-००६ ख ५०४१ नम्बरको यात्रुबाहक बसलाई सुरक्षाजाँच गर्ने क्रममा बसको दाहिने साईडको डिक्कीमा लुकाई छिपाई ल्याएको कुर्था सुरुवाल १३३ थान, बनारसी साडी १५ थान बरामद गरेको हो । कपडा नियन्त्रणमा लिएर बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जनाएको छ।

# स्वास्थ्यमन्त्री जोशीको सय दिनको उपलब्धी सार्वजनिक

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले आफ्नो एक सय दिनको कार्यकालको उपलब्धी सार्वजनिक गर्नुभएको छ। बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै मन्त्रीले जोशीले आफ्नो एक सय दिनको उपलब्धी सार्वजनिक गर्नुभएको हो ।

मन्त्री जोशीले गत जेठ ७ गते प्रदेश सरकारको स्वास्थ्यमन्त्रीको रुपमा पदभार ग्रहण गर्नुभएको थियो । पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै मन्त्री जोशीले प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण कामको सुरुवात गरेको दावी गर्नुभयो । प्रदेश भित्रका लोपोन्मुख तथा सिमान्तकृत जातिहरु, आश्रममा आश्रितहरुलाई निशुल्क स्वास्थ्य बीमा गर्न सुरु गरिएको बताउनुभयो । अहिले अस्पतालमा स्वास्थ्य बीमा गरेका विरामीहरु बढेसँगै यसलाई व्यवस्थित बनाउने उहाँले बताउनुभयो ।

मन्त्री जोशीले प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय मातहत रहेका १३ वटा प्रादेशिक अस्पतालहरुमा आइसीयु, एनआइसीयु र क्याविन बाहेकका ८ सय ११ शैयाहरु भदौ १ गतेदेखि निःशुल्क रुपमा सेवा उपलब्ध गराउनुलाई मुख्य उपलब्धीको रुपमा राख्नुभएको छ । प्रदेशमा सञ्चालन रहेका सबै सरकारी निजी, सहकारी तथा सामुदायिक अस्पतालहरुमा सवारी पार्किङ्ग निःशुल्क रुपमा कार्यान्वयन गरिएको, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाको परिसरमा बायोमेडिकल इक्युप्मेन्ट वर्कसप स्थापना गरिएको, ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क हवाई उद्दार सम्बन्धी कार्यविधि, २०८० मन्त्रीपरिषद्बाट स्वीकृत गराउन सफल भएको उहाँले उल्लेख गर्नुभएको छ ।

स्वास्थ्य मन्त्रालय तथा मातहतका कार्यालयहरुमा चालु आर्थिक वर्षमा ६ सय २८ जना कर्मचारीहरुको अस्थायी दरबन्दी स्वीकृत गरिएको, १ सय ३० जना करारमा जनशक्ति हेटौंडा अस्पतालमा अस्थायी दरबन्दी स्वीकृत गरी विज्ञापन खुलाइएको, मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत क्यान्सर रोग लागेका विपन्न बिरामीलाई उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा ६ हजार ८ सय ६५ जना बिरामीहरुले ९ करोड २६ लाख ७३ हजार रुपैयाँ सहुलियत प्राप्त गरेको, हृदयघात भएका बिरामीका लागि उपचारमा सहुलियत प्रदान गर्ने कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा ७ वटा प्रादेशिक अस्पतालमा ३४ लाख ७२ हजार रुपैयाँ प्रदान गरिएको एक सय दिनको प्रगति विवरणमा उल्लेख छ ।

चालु आर्थिक वर्षमा एक प्रदेश निर्वाचन क्षेत्र एक अस्पताल सुदृढीकरण कार्यक्रम अन्तर्गत ११ करोड ५२ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिनुहुँदै मन्त्रीले जोशीले स्थानीय तहका स्वास्थ्य संस्था सवलीकरण कार्यक्रमका लागि १० करोड २२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिनुभएको छ ।

# गाँजासहित दुईजना पक्राउ

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा-१५ रातोमाटे चेकपोष्टबाट लागुऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको छ ।

मंगलबार बेलुका करिब ९ बजेको समयमा चितवनबाट बीरगंजतर्फ जाँदै गरेको बा ४ ख ५९३७ नम्बरको यात्रुबाहक मिनी बसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा बसमा सवार बारा जिल्ला जितपुर-सिमरा-८ का ५६ वर्षीय शिवनाथ सहनीको साथबाट १ किलो ९ सय ग्राम र ४५ वर्षीय मदन साहको साथबाट १ किलो ७ सय ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका व्यक्तिहरुले गाँजालाई छातीको वरीपरी भागमा डोरीले बाँधी ल्याएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनीहरुलाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एकजना पुरुष मृत फेला

समाज संवाददाता

हेटौंडाः काभ्रे जिल्लाको बेथानचोक गाउँपालिका-२, ढोलाखोलामा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा दोलखा जिल्ला मैलुङ गाउँपालिका-१ का ३५ वर्षीय निर्मल बुढाथोकी रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। मंगलबार ढुङखर्क च्याम्राङबेसी सडकखण्डको बाँया साईडको नालीमा बुढाथोकी मृत अवस्थामा फेला परेका थिए । शवको मुचुल्कासहित अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बागमतीमा शव फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-१, करौजेस्थित बागमती नदिको किनारमा पहिचान नखुलेको अन्दाजी ३५ वर्षीय पुरुषको शव फेला परेको छ। मंगलबार दिउँसो साढे १ बजेको समयमा शव फेला परेको जानकारी पाएपछि ईलाका प्रहरी कार्यालय फापरबारीबाट प्रहरी वरिष्ठ नायव निरीक्षक अर्जुन देवकोटाको कमाण्डमा र प्रहरी चौकी शिवराईगाउँबाट प्रहरीको मुचुल्का सहितको टोली खटाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । शव सडेको अवस्थामा रहेको र नदिले बगाई ल्याएको हुनसक्ने प्रहरीले जनाएको छ ।

# विद्यार्थीको सचेतना र्‍याली

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले बुधबार डेङ्गु र आँखा पाक्ने रोगसम्बन्धी सचेतना र्‍याली निकालेको छ । विद्यालय परिसरबाट निकालिएको र्‍याली लोकप्रिय होटल हुँदै सानोपोखरा चोकबाट विद्यालयमै पुगेर कोणसभामा परिणत भएको थियो ।

झुल लगाएर सुतौं, घरको वरपर खाल्डाखुल्डी पुरौं, आँखालाई सफा राखौं, अरु व्यक्तिले प्रयोग गरेको सामान प्रयोग नगरौं भन्दै र्‍याली निकालेका हुन् । विद्यालयमा अध्ययनरत् कक्षा ७ देखि १० सम्मका विद्यार्थी, शिक्षकहरु सचेतना र्‍यालीमा सहभागी थिए ।

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

पुर्वान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस नेपाल पोलिटेक्निक ईन्स्टिच्युट, भरतपुर चितवनमा science and technology faculty मा अध्ययन गरेको छात्रा सरस्वती के.सी को Bachelor या science(Honours) in agriculture प्रथम सेमेस्टरको रजिस्ट्रेसन न. ११३-३-२-०५३४१-२०१७ को मार्कसिट र सोही रजिस्ट्रेशन न. को सम्पुर्ण सेमेस्टरको Academic Transcript मिति २०८०/०५/०१ गते दिउँसो १२ देखि २ बजेको समयमा पुर्व पश्चिम महेन्द्र राजमार्गको मकवानपुर जिल्लाको सुनाचुरीदेखि मनहरीसम्मको क्षेत्रमा हराईएको हुँदा भेट्नुहुने महानुभावहरुले सम्पर्क न. ९८२२८८७०६२, ९८४५७२२१६९ मा तथा जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा सम्पर्क गरि बुझाईदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

## हार्दिक आमन्त्रण



जन्मः
२००२ असोज ३ गते

**स्व. तुल्सी थापा**

स्वर्गारोहणः
२०८० भदौ ८ गते

मेरा पुजनीय पति **तुल्सी थापा**को मिति २०८० साल भाद्र ८ गतेका दिन स्वर्गारोहण हुँदा हाम्रो परिवार मर्माहत छ । यस दुखद् घडीमा अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, हाम्रो परिवारप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्णमा तपसील बमोजिम **पीतृप्रसाद ग्रहण**का लागि उपस्थित भइदिनुहुन हार्दिक आमन्त्रण गर्दछौं ।

**तपसील**
मितिः २०८० भाद्र १४ गते बिहिबार
स्थानः थापा निवास, हेटौंडा-११, नवलपुर
(स्मारक मार्ग)
समयः दिनको २ बजेपछि

**प्रार्थी**
**श्रीमति चुन्नु थापा**

जनै पुर्णे तथा रक्षा बन्धनको सम्पुर्णमा हार्दिक शुभकामना
क्वाटी पुर्णेको अवसरमा स्वादिष्ट क्वाटीको निःशुल्क मजा लिनुहोस



Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"
100% SCHOLARSHIP (on tuition fee) For A Achiever
25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever
BBS Bachelor of Business Studies
ADMISSION ONGOING
Class starts from ASOJ 15
01 17 extra curricular modules to enhance learning experiences
02 On-campus job placement fair and dedicated placement cell
03 Student-led clubs for leadership development
04 HSMSS feast and Annual Athletic Meet
05 Academic business incubation center supporting student entrepreneurs
06 Experiential learning platform
Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080
Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np
ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

## सम्पादकीय

# व्यापक बन्दै चाडपर्व

नेपालमा धेरै चाडपर्वहरु मनाइन्छ । यिनै चाडपर्वहरुमध्ये आज बिहीबार जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा मनाइँदैछ । श्रावण शुक्ल पूर्णिमाका दिन मनाइने हिन्दू धर्मावलम्बीहरुको पवित्र चाड जनैपूर्णिमा अर्थात् ऋषितर्पणी आज मनाइँदैछ । यो चाडमा नयाँ जनै धारण गर्नुका साथै रक्षा-बन्धन गरी मनाउने गरिन्छ । वैदिक सनातन वर्णाश्रम धर्म मान्ने तागाधारीहरुले यस चाडलाई विशेषरुपमा मनाउने गर्दछन् । तागाधारीहरुले यस दिन बिहान नजिकैको नदी, तलाउ तथा कुण्डमा स्नान गरी आफ्ना गुरु पुरोहितबाट मन्त्रिएको जनै धारण गर्ने गर्दछन् । अघिल्लो दिनदेखि नै शरीर शुद्ध राखी एक छाक खाने चलन रहेको छ । हिन्दू धर्मशास्त्रअनुसार जनैलाई ब्रम्हासूत्र अर्थात् ज्ञानको धागो पनि भनिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रम्हा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीन योग मानिन्छ ।

आजकै दिन विशेषगरी तराई क्षेत्रमा रक्षाबन्धन (राखी) बाँध्ने चलन छ । यो परम्परा भारतमा बढी प्रचलित भए पनि भारतसँग सीमा जोडिएको र भाषा, संस्कृति मिल्दोजुल्दो भएका कारण नेपालको तराई क्षेत्रमा पनि राखी बाँध्ने प्रचलन भित्रिएको मान्न सकिन्छ । दिदीबहिनीले आफ्ना दाजुभाइका नाडीमा दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै स्नेहको प्रतीक राखी बाँधिदिने चलन पछिल्लो समय पहाडी क्षेत्रमा पनि व्यापक बनिरहेको छ । जनैपूर्णिमाको भोलिपल्ट अर्थात् भाद्रकृष्ण प्रतिपदाको दिन मनाइने गाईजात्रा पर्व पनि यसवर्ष जनैपूर्णिमाकै दिन मनाउन पञ्चाङ्ग निर्णायक समितिले आग्रह गरेको छ । यस वर्ष तिथि घटबढ भएका कारण जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा पर्व एकै दिन मनाउनुपर्ने समितिको भनाइ छ । भाद्र शुक्ल पूर्णिमा तिथि बुधबारबाटै सुरु हुने र आज बिहीबार बिहानबाट प्रतिपदा तिथि सुरु हुने भएका कारण यसवर्ष धेरैमा जनैपूर्णिमा र गाईजात्रा पर्व मनाउने सबालमा अन्योल बनाएको छ । यसलाई पञ्चाङ्ग निर्णायक समितिले जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा बिहीबार एकै दिन मनाउनुपर्ने प्रष्ट पारेको भए पनि कतिपय समुदाय र स्थानमा जनैपूर्णिमा बुधबार नै मनाइएको छ भने गाईजात्रा शुक्रबार मनाउने तयारी भइरहेको छ ।

चाडपर्व हामी नेपालीको मौलिक पहिचान हो । कुनै धर्म, संस्कृति, जाति, स्थान विशेषमा आधारित भए पनि हाम्रा सबै चाडपर्वको आ-आफ्नै मूल्य, मान्यता र मौलिकता छ । जनैपूर्णिमालाई तागाधारीले जनै धारण गरेर मनाउने गरे पनि रक्षाबन्धन वा राखी बाँध्ने प्रचलन सबैजसो जाति र धर्ममा पाइन्छ । यस दिन विभिन्न नौ प्रकारका गेडागुडी मिसाएर पकाइएको क्वाँटी खाने चलन पनि हाम्रा चाडपर्वको मौलिक विशेषताभित्र पर्दछ । क्वाँटी खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षातका कारण चिसो भएको शरीरमा तापसञ्चार हुने विश्वास गरिन्छ । नेवारी समुदायले भने यस दिनलाई 'गुन्हु पुन्ही'को रुपमा मनाउने गरिन्छ ।

नेपाल बहुजाति, बहुभाषी, बहुसंस्कृति, बहुधार्मिक विचार र सांस्कृतिक विविधता भएको देश हो । नेपालमा विभिन्न जातजातिका आ-आफ्नै परम्परा र संस्कारअनुरुप विभिन्न चाडपर्व मनाइने गरिन्छ । हामी नेपाली रीतिरिवाज र संस्कृतिले सम्पन्न छौं । वर्षात् सकिएर शरद ऋतु प्रवेशसँगै हाम्रा प्रमुख चाडपर्वहरु मनाइन्छ । पछिल्लो समय नेपालीहरुको चाडपर्व मनाउने परम्परामा परिवर्तन आउँदै गएको छ । जाति, समुदाय तथा भौगोलिक क्षेत्रमा सिमित बन्ने गरेका विभिन्न चाडपर्वले व्यापकता पाउन थालेको छ । कुनै जाति, समुदाय र क्षेत्रविशेषको चाडपर्वमा अर्को जाति, समुदाय र क्षेत्रका व्यक्तिहरुको सहभागितामात्रै होइन, ती पर्वहरुको अनुकरण गर्ने कुरामा पनि तीब्रता आइरहेको छ । एउटा समुदायको परम्परा, संस्कृति र उसले मनाउने चाडपर्वमा अर्को समुदायको सहभागिताले सामाजिक सद्भाव वृद्धि गर्न र सामाजिक एकता कायम गर्नका लागि महत्वपूर्ण भूमिका खेल्दछ । तर नक्कल र आडम्बर युक्त व्यवहारको चपेटामा चाडपर्वको मौलिकता र सकारात्मक पक्ष ओझेलमा पर्ने सम्भावना बढेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई-लेखाई मध्यमकारक मान्नु पर्ला ।
**वृष** : शिक्षादिक्षाको क्षेत्र सबल रहने समय योग ।
**मिथुन** : विवाद र प्रतियोगितामा सरिक हुनेछ ।
**कर्कट** : लेखाई-पढाईमा बाधा योग रहेको छ ।
**सिंह** : आडम्बर र महत्वकांक्ष नराख्दा राम्रो ।
**कन्या** : आत्मसन्तुष्टि र प्रसन्नता प्राप्त होला ।
**तुला** : अध्ययन-अध्यापन मध्यमकारक रहेको छ ।
**वृश्चिक** : पढाई-लेखाई मध्यमकारक रहने योग छ ।
**धनु** : सामाजिक र परोपकारजन्य काममा सरिक ।
**मकर** : भूमिसम्बन्धि काममा सरिक भईने योग छ ।
**कुम्भ** : अध्ययन-अध्यापनमा ठिकै रहने समय योग छ ।
**मीन** धार्मिक र सामाजिक कामममा सरिक भईने छ ।

# शिक्षा र साहित्यका धरोहर तुल्सी थापा



✍ प्रताप विष्ट

बोली र शब्दमा अतुलनीय वजन । अन्तरमुखी स्वभाव भएका वहुआयामिक क्षमताका धनी तुल्सी थापा । वरिष्ठ साहित्यकारको रुपमा मात्र होईन, प्रेरणादायी एव सफल शिक्षकको रुपमा पहिचान बनाएका थापाको २०८० भदौ ८ गते उपचारकै क्रममा चितवनको एक अस्पतालमा निधन भयो। थापालाई निमोनिया, मधुमेह, रक्तचापसम्बन्धी समस्या थियो । मकवानपुरको शिक्षा र साहित्य क्षेत्रका थापा एक नक्षत्रमात्र थिएनन्, ईमान्दारिता र निष्ठाका प्रतिक पनि थिए ।


विचार, जात धर्मलगायतमा विभाजित समाजमा उनी भने विवादित थिएनन् । उनी कुनै पनि विचार, जात र धर्म भन्दा माथि थिए । आफुले पढाइरहेको नामटार स्थित विद्यालयको भवन र भैंसेस्थित आफ्नो घर २०५० सालको बाढीले बगाउँदा विद्यालय भवन पुनर्निर्माण गरेर पढाईलाई संचालनमा ल्याए तर घर भने बनाएनन्। देशविदेशमा रहेका साथीभाइसँग सहयोग लिएर उनले विद्यालय भवन पुनर्निर्माण गरेका थिए। 'थापा सर नभएको भए नामटार विद्यालयको भवन बन्ने थिएन', अर्जुन बर्तौलाले भने, 'आफनो घर नबनाएर विद्यालय भवन बनाउने शिक्षक अब पाइँदैन ।' त्यति बेला थापा नामटार स्थित कालिका माविको प्रधानाध्यापक थिए।

थापा अत्यन्त गरिब, विपन्न र सिमान्तकृत समुदायको उत्थान र विकासको निम्ति कागजी योजनामात्र बनाउने होइन, व्यवहारिक रुपमा कार्यक्रमहरु सञ्चालन गरेर उनीहरुको जीवनमा परिवर्तनको रेखा कोर्ने कालिगढ पनि हुन् । २०३४ सालमा मनहरीमा भएको चेपाङहरुको वृहत भेलाको सदस्य सचिव पनि तुल्सी थापा नै थिए। त्यतिमात्र होईन, उनको बुबा दिलबहादुर थापाले प्रज्ञा प्रतिष्ठानको आग्रहमा व्यवहारिक ज्ञानका निम्ति नेपाली भाषालाई चेपाङ भाषामा उल्था गरेका थिए । त्यसले पनि थापालाई कुना कन्दराको ओढारहरुमा बसेका अत्यन्त विपन्न चेपाङ समुदायप्रति आकर्षण गरेको हुनुपर्छ । मकवानपुरमा यो समुदाय त्रिभुवन राजपथदेखि पश्चिम, पूर्व-पश्चिम राजमार्गको हेटौँडा-मनहरीखण्डदेखि उत्तर र मुग्लिङदेखि खानीखोलासम्म पृथ्वीराजमार्गको पूर्वको भित्री भागमा पर्ने, कुनै पनि राजमार्गले नछिचोलेको त्रिकोणात्मक पहाडी भूमिको भित्री भागको जंगलबीचको ओढारमा बस्थ्ये। यो भुखण्ड चुरे पर्वत श्रृङ्खलाको उत्तर र महाभारत पर्वत श्रृङ्खलाको दक्षिणमा पर्छ।

सदस्य सचिव भएर चेपाङ सम्मेलन गरिरहँदा उनी थाहा नगरको जनकल्याण माध्यमिक विद्यालयको प्रधानाध्यापक थिए । उक्त सम्मेलनको नेपाल रेडक्रस सोसाइटीका संस्थापक अध्यक्ष प्रिन्सेप शाहले उद्घाटन गरेकी थिइन् । सम्मेलनमा चेपाङहरुको अवस्था देखेपछि शाहमार्फत तत्कालिन राजा वीरेन्द्रविक्रम शाहलाई जानकारी गराइएको थियो ।

ततपश्चात राजा वीरेन्द्रबाट चेपाङहरुको समग्र विकास र उत्थानका लागि कार्यक्रम सञ्चालन गर्ने घोषणा गरियो । २०३५/३६ सालदेखि तत्कालिन जिल्ला पञ्चायतमार्फत प्रजा विकास कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रम सचालन गर्नका लागि तत्कालिन अञ्चलाधीशको सक्रियतामा उनलाई जनकल्याण मावि पालुङको प्रधानाध्यापकबाट अन्तरमन्त्रालय सरुवा गरेर २०३६ सालदेखि प्रजा विकास कार्यक्रमको प्रमुख बनाईयो । चेपाङ समुदायको अवस्थाले मानवीय समवदेना जागृत भएर चेपाङहरुको उत्थानका लागि उनी काजमा आएका थिए । आफु भुइँ मानिस भएर होला, भुइँ मानिसकै विकास र उत्थानमा रहर जागेको उनको ठम्याई थियो । मकवानुर जिल्लामा त्यति बेलाको ८ वटा गाउँ पञ्चायतमा चेपाङ जातिको वाहूल्यता रहेको थियो। उनीहरुको जीवनमा परिवर्तन ल्याउन अल्पकालिन कार्ययोजना तयार गर्ने र तत्कालिन जिल्ला पञ्चायतमा प्रतिवेदन बुझाउने, स्वीकृत कार्यक्रमहरुका कार्यान्वयन गर्ने उनको जिम्मेवारी थियो ।

अहिलेको राक्सिराङ गाउँपालिकाको केन्द्र रहेको चैनपुरलाई प्रजा विकास कार्यक्रम प्रचारप्रसारको थलोको रुपमा विकास गरिएको थियो। उनको अधिकांश समय चेपाङहरुको कसरी दिगो रुपमा विकास गर्ने भनेर चैनपुरमा नै बित्थ्यो । त्यतिबेला चेपाङ समुदायको जीवनमा परिवर्तन ल्याउन साहुहरुको तमसुक च्यात्नु पर्ने उनको तर्क रहन्थ्यो । चेपाङहरुलाई आयआर्जनको निम्ति दिएका बाख्राहरु साहुले लैजाने गर्थे। साहुले बाख्रा लैजान थालेपछि चेपाङहरुलाई सीप सिकाउन



थाले । चेपाङहरुलाई सीप सिकाउने र उनीहरुको बालबच्चा हेरविचार गर्न स्याहार केन्द्र चैनपुरमा नै राखिएको थियो।

चेपाङ समुदायको विकासमा योगदान पुऱ्याएको भन्दै २०४४ सालमा उनलाई 'गोरखा दक्षिण बाहु' बाट सम्मानित गरिएको थियो । साँच्चिकै चेपाङहरुको दिर्घकालिन ढंगले उत्थान गर्ने सोच र चिन्तनमा उनी थिए तर त्यतिबेलाको शासन पद्दति र गाउँका अगुवाहरु चेपाङ यथार्थमा चेपाङको विकास रुचाउँदैनथ्यो । चेपाङ समुदायको विकास गर्न आएका रकम त्यतिबेलाका अगुवाहरु अन्यत्र प्रयोग गर्न खोज्थे । त्यो कुरा उनलाई सह्य हुने थिएन । त्यति हुँदाहुँदै पनि लगभग १२ वर्ष उनी चेपाङ समुदायसँग रमाए। चेपाङ समुदायको अमिट सम्झना, माया र प्रेम बोकेर २०४८ सालमा नामटारस्थित कालिका माविमा प्रधानाध्यापकको जिम्मेवारीमा फर्के । उनले आफ्नो कार्यकालमा ओढारमा बसेका ५० परिवार भन्दा बढी चेपाङहरुलाई घर बनाएर स्थानान्तरण गराएका थिए। त्यति हुँदाहुँदै पनि २०७२/०७३ सालसम्म पनि केही चेपाङहरु ओढारमा नै थिए । चेपाङहरुले मनै भित्रबाट सम्झिइरहने नाम मध्येको नाम हो तुल्सी थापा । 'मकवानपुरका चेपाङ समुदायलाई उज्यालोतर्फ डोऱ्याउने काम उहाँले नै गर्नु भएको हो', नेपाल चेपाङ संघका केन्द्रीय अध्यक्ष गोविन्द चेपाङले भने, 'तुल्सी थापाको मृत्युले हामीलाई स्तब्ध बनाउनुको साथै एउटा सच्चा अभिभावक गुमाएका छौं ।'

पछाडि पारिएका समुदायको उत्थानका लागि १२ वर्षसम्म खटिएका थापा बिक्रम् सम्बत् २००२ साल असोज ३ गते मकवानपुरको भैंसेमा जन्मेका थिए। थापा मकवानपुरे साहित्यिक फाँटका बलिया र सक्षम खम्बा हुन् । थोरै साहित्यिक पुस्तक प्रकाशन गरेर साहित्यिक जगतमा आफ्नो दर्बिलो उपस्थिति देखाउन उनी सक्षम थिए । भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्व अध्यक्षसमेत रहेका थापा समयानुसार साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका थिए । कृतिका रुपमा 'एक निमेष अनन्तको' दाना कविता संग्रह, अमर सिंहको खोजीमा अमर सिंह' नाटक र कथा संग्रह 'फरक आकाश' प्रकाशित छन् । दर्जनौ भन्दा बढी मानसम्मान र पुरस्कार पाउन सफल थापा साहित्य संगम मकवानपुर, सहिद स्मारक विकास समिति, मातृभूमि साहित्य समाज जस्ता विभिन्न संस्थाहरुसँग आवद्ध रहेका थिए । समाजलाई सकारात्मक रुपान्तरण गर्न शिक्षा र साहित्यको तर्फबाट थापाले महत्वपूर्ण योगदान दिएको ठम्याई साहित्यकार एवम् प्राध्यापक निमेष निखिलको छ ।

थापा अंग्रेजी विषयका शिक्षक थिए । उनको अगाडि विद्यार्थीहरुमात्र होईन, शिक्षकहरु पनि ठाडो शीर गरेर बोल्न सक्तैनथे । थापाले विद्यार्थीलाई पिट्दैनथे तर 'ए लाउरे गर्दै' भनेपछि सबै डराउँथे । उनको विद्यालयमा कडा अनुशासन थियो । उनी प्रधानाध्यापक भएको विद्यालयमा शिक्षक र विद्यार्थी दुबै अनुशासित थिए । काम चोर शिक्षक उनी प्रधानाध्यापक भएको मन पराउँदैनथे । शिक्षक अनुशासित र ईमान्दार भएमात्र विद्यार्थी पनि अनुशासित र सक्षम हुन सक्छन् भन्ने ठम्याई उनको थियो । थापाले थाहा नगरपालिकास्थित जनकल्याण माध्यमिक विद्यालयमा प्रधानाध्यापकको पहिलो जिम्मेवारी सम्हालेका थिए। उक्त माविका हालका प्रधानाध्यापक सानोभाई कार्की उनलाई सम्झँदै भन्छन् "थापा सरको जस्तो कमाण्ड र अनुशासन शिक्षा क्षेत्रमा अहिलेसम्म भेटेको छैन ।" उक्त विद्यालयले थापाको सम्झनामा बुधबार शोक सभा गरेर छुट्टी गरेको छ ।

निरन्तरता र समर्पणले काममा सफलता मिल्ने विश्वास लिएका थापा सरल जीवन र ईमान्दारिताका पर्याय थिए। सानै उमेरदेखि बौद्ध दर्शनको सम्यक दृष्टिकोणबाट प्रभावित भएका कारणले सदैव आफ्नो कर्तव्यपथमा पाएको जिम्मेवारी इमानदारिताका साथ पूरा गरेका थापा अनुकरणीय र प्रेरणादायी व्यक्तित्वको रुपमा रहेको शिक्षासेवी देवप्रसाद श्रेष्ठले भने, "आउँदो पुस्ताले उहाँको आचरण, जीवनशैली र ईमान्दारिताबाट प्रेरित हुँदै अगाडि बढेमा थापाप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।" मृत्युको अन्तिम क्षण अर्थात बोली बन्द भइसकेको अवस्थामा नजिकको आफन्तसँग कापी र कलम लिएर अग्रेजीमा 'वुद्ध र पिस' लेखेका थिए । यो नै उनको अन्तिम हस्ताक्षर हो ।

# मोबाइल, ल्यापटप चलाउने धेरै युवामा किन बढ्दैछ गर्दन दुख्ने समस्या ?



✍ सुदर्शन बस्नेत, अकुपन्चरिस्ट

अहिले धेरैलाई गर्दन दुख्ने समस्याले सताउने गरेको छ । विशेषगरी २५ देखि ३५ वर्षसम्मका युवाहरु गर्दन दुख्ने समस्या लिएर अस्पताल धाउनेको संख्या बढ्दो छ । उनीहरुमा यस्तो समस्या आउनुको मुख्य कारण निरन्तर निहुरिएर कम्प्युटर, ल्यापटप र मोबाइल जस्ता उपकरण चलाउनु रहेको पाइन्छ ।

यस्ता उपकरण चलाउँदा गर्दनको मांसपेशी कसिलो हुन्छ । कसिलो भएपछि चलाउन कठिन हुन्छ। जसले गर्दन सहजै चल्न-चलाउन कठिन हुने र दुख्ने गर्छ । र, एमआरआई गरेर मांसपेशी जाम भएको देखिन्छ ।

### कारण

करिब ७० प्रतिशत युवामा मांसपेशी कसिलो भई जाम भएर गर्दन र पाखुरा दुख्ने समस्या रहेको विभिन्न अध्ययनले देखाएका छन् । ल्यापटपमा लामो समयसम्म टाउको झुकेर काम गर्दा शरीरको मुद्रा खराब हुन्छ । घाँटी र स्पाइनल कर्डमा समस्या आउन थाल्छ । घाँटी र स्पाइनल कर्ड अगाडिको दिशामा बढी झुकाव हुने भएकाले मेरुदण्डमा प्रभाव बढ्न थाल्छ । यसको प्रमुख कारण अत्यधिक मोबाइल तथा ल्यापटप प्रयोग गर्नु हो । अहिलेका युवामा गर्दन यति कस्सिएको हुन्छ कि मास्तिर लैजान र पछाडि फर्काउन सक्दैनन् ।

अधिकांश युवाहरु फेसबुक, ह्वाट्स एप, भाइबर जस्ता सामाजिक सञ्जालमा 'टेक्स च्याट' गर्दा गर्दन दुख्ने समस्या बढेको छ । यो समस्यालाई अहिले 'टेक्सट नेक सिन्ड्रोम' पनि भन्ने गरिएको छ ।

गत वर्ष मात्रै एक विश्वविद्यालयमा भएको अध्ययनमा एक हजार ८३५ जना मध्ये ८५० मा गर्दन र पाखुरा वरपर दुख्ने समस्या देखिएको छ । त्यस्तै, मांसपेशीमा चोटपटक लाग्दा पनि गर्दन दुख्ने समस्या हुन्छ । विद्यार्थीहरुले मोबाइल बढी चलाउने र सबैभन्दा बढी च्याटमा बढी समय बिताउने गरेको पाइएको थियो ।

### ९० प्रतिशतले सही तरिकाले ल्यापटप चलाउन जान्दैनन्

ल्यापटप प्रयोग गर्ने ९० प्रतिशतले गलत आसनमा बसेर ल्यापटप चलाउँछन् । ल्यापटप चलाउँदा प्रायःले ६० डिग्रीको कोणमा टाउको झुकाउँछन् । जुन सही आसन होइन । किनभने टाउकोको तौल करिब पाँच किलो हुन्छ । जति झुकायो त्यति टाउको भारी हुन्छ । ६० डिग्रीमा टाउको झुकाउँदा २७ किलोको भार पर्छ । २७ किलोको भार लिएर निरन्तर तीनदेखि चार घण्टा ल्यापटप चलाउँदा गर्दनको मांसपेशी कसिन्छ र जाम हुन्छ । यसको प्रभाव हात, पाखुरामा पनि पर्न जान्छ ।

टाउकोसँगै हात पनि निरन्तर चल्दा हात झमझमाउने समस्या बढ्छ । अहिलेका युवायुवतीमा गर्दन यति कस्सिएको हुन्छ कि मास्तिर लैजान र पछाडि फर्काउन सक्दैनन् ।

### समाधान के त ?


ल्यापटप चलाउन जहिले पनि ६० डिग्रीको कोणमा नझुकी घाँटीलाई सिधा राख्नुपर्छ । ल्यापटपको माथिको भाग र आँखाको भाग बराबर पार्ने र हात जहिले पनि ९० डिग्रीमा राखेर मात्र चलाउनुपर्छ । यसरी ल्यापटप चलाउँदा गर्दन र घाँटी दुख्ने समस्या निकै कम हुन्छ ।

त्यस्तै, ल्यापटप, डेस्कटप राख्ने टेबलको उचाइ २४ देखि २६ इन्चको हुनुपर्छ । टेबलको उचाइसँग मिल्ने कुर्सी राख्नुपर्छ । त्यस्तै, खुट्टालाई अड्याउने स्ट्याण्ड 'फुट रेस्ट' भएको हुनुपर्छ । यसले खुट्टालाई भार पर्दैन ।

कार्यालयमा काम गर्दा एकपटक ३० सेकेन्डदेखि दुई मिनेट समय निकालेर गर्दनलाई अगाडि, पछाडि, दायाँबायाँ लैजाने गर्न सकिन्छ । यसले गर्दनलाई थोरै भए पनि राहत दिन्छ र त्यहाँको मांसपेशी कडा हुन पाउँदैन । एकै आसनमा बसेर धेरैबेर काम गर्नुहुँदैन ।

(बस्नेत सुस्वास्थ्य अस्पतालका अध्यक्ष समेत हुन् । स्रोतः अनलाइनखबर)

# हार्दिक श्रद्धाञ्जली



स्व. तुल्सी थापा

जन्म:
२००२ असोज ३ गते

स्वर्गारोहण:
२०८० भदौ ८ गते

शिक्षा र साहित्यमार्फत समाजको सकारात्मक रुपान्तरणका लागि आफ्नो जीवन समर्पण गर्नुभएका यस प्रतिष्ठानका पूर्वअध्यक्ष आदरणीय **तुल्सी थापा**को निधनको खबरले मर्माहत भएका छौं । **आज सातौं दिनको पुण्यतिथि**मा स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

**केशवलाल श्रेष्ठ, अध्यक्ष**


**एवम् भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान परिवार**

**हेटौंडा, मकवानपुर**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।।
ईन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।

# हार्दिक श्रद्धाञ्जली



जन्म:
२००२ असोज ०२

स्वर्गारोहण:
२०८० भाद्र ०८

## स्व. तुल्सी थापा

तत्कालीन स्थानीय विकास मन्त्रालय द्वारा सञ्चालित प्रजा विकास कार्यक्रम प्रमुखको रुपमा साविक जिल्ला विकास समिति मकवानपुरमा वि.स.२०३८ देखि २०४८ सम्म कार्यरत प्रख्यात समाजसेवी तथा वरिष्ठ साहित्यकार **श्री तुल्सी थापा**को असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनि प्रार्थना गर्दै शोकाकुल परिवारजनमा **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**जिल्ला समन्वय समिति मकवानपुर परिवार**

---

# हार्दिक श्रद्धाञ्जली

हामीले हाम्रा अभिभावक गुमायौं । हाम्रा अभिभावकको स्वर्गमा बास होस् । **आज सातौं दिनको पुण्यतिथिमा** उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।



**स्व. तुल्सी थापा**
**जन्म: २००२ असोज ३ गते**
**स्वर्गारोहण: २०८० भदौ ८ गते**

**श्रीमती चुन्नु थापा**

**छोरा/बुहारी**
समीर थापा/शान्ति थापा

**छोरी/ज्वाइँ**
सन्जु थापा/राधेश्याम तण्डुकार
अञ्जु थापा/भुवन भुजेल

**भाइबुहारी**
रमेश थापा/शोभा थापा

**बहिनी/ज्वाई**
केशरी थापा
शान्ति थापा
शोभा थापा
उषा थापा/कमल थापा
बेली थापा/रविन्द्र थापा
चमेली थापा/अर्जुन बिष्ट
गीता थापा
रिता थापा/उद्धव थापा

**भतिज/बुहारी, भतिजी/ज्वाइँ**
रक्षक थापा/बालकुमारी थापा
रक्षा थापा/लक्ष्मण दर्लामी
रोचक थापा/गंगा थापा

**भान्जाभान्जी**
राजु/रतन/भुवन/भुषण/प्रवल /सवल/गम्भीर थापा/
जनक/कमल/
सरोज/भावना/ईन्दु/सरिता/नानु/निलिमा/बिनिता/लल्लु/सब्बु/
अधिकार/आभार
/उपमा/उपासना/लक्ष्मी/भगवती/सुशीला/सीता/
कविता/मीना/बनु/सानु/हेमा/शर्मिला

**नातानातिनी**
रेश्मिना तण्डुकार/तेजश्वी थापा/लिसरा भुजेल/सोयुज तण्डुकार/
शोभाना थापा/सार्थक थापा/सरा थापा

**थापा परिवार**

**हेटौंडा-११, नवलपुर**

# हार्दिक श्रद्धाञ्जली



जन्म
२००२ असोज ०३

स्वर्गारोहण
२०८० भाद्र ०८

**स्व. तुल्सी थापा**

शिक्षा र साहित्यमार्फत समाजको सकारात्मक रुपान्तरणका लागि आफ्नो जीवन समर्पण गर्नुभएका भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्वअध्यक्ष, दाना कविताका सर्जक, निवन्धकार, नाटक लेखक आदरणीय **तुल्सी थापा**को निधनको खबरले मर्माहत भएका छौं । **आज सातौं दिनको पूण्यतिथि**मा स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

निमेष निखिल, संयोजक
**एवम् सर्जक सञ्जाल मकवानपुर परिवार**

आरसि रिजाल, अध्यक्ष
**एवम् बुद्‌यौली साहित्य समाज मकवानपुर परिवार**

अनिता न्यौपाने, अध्यक्ष
**एवम् साहित्य संगम मकवानपुर परिवार**

राजकुमार लामिछाने, अध्यक्ष
**एवम् सिस्नुपानी नेपाल मकवानपुर परिवार**

विश्वनाथ सञ्जेल, अध्यक्ष
**एवम् झरना साहित्यिक परिवार मकवानपुर परिवार**

माधव बहादुर पोखेल
**एवम् मातृभूमि साहित्य समाज मकवानपुर परिवार**

भावना सापकोटा, अध्यक्ष
**एवम् आाचल साहित्य कला पुञ्ज परिवार**

केशव समर्पण, अध्यक्ष
**एवम् गजल मञ्च मकवानपुर परिवार**

डीबी बर्तौला, अध्यक्ष
**एवम् मुक्तक मञ्च मकवानपुर परिवार**

किशन पौडेल, अध्यक्ष
**एवम् लघुकथा चौतारी मकवानपुर परिवार**

प्रशन्ना चौलागाई, अध्यक्ष
**एवम् नवसर्जक साहित्य चौतारी नेपाल परिवार**

महेन्द्र ओझा, प्रोप्राइटर
**एवम् एनए साहित्य टिभि परिवार**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ